दमक नगरपालिका,झापा

**स्थानीय राजपत्र**

**वर्ष : ८**

**संख्या : २**

**प्रमाणीकरण मिति :** २०८१।४।१८

**प्रकाशन मिति :** २०८१।४।२५

**प्रस्तावनाः** सुरक्षित आवासगृह (सेफ हाउस) संचालन कार्यविधि २०७५ लाई संशोधन गर्न बाञ्छनीय भएकाले,

दमक नगरकार्यापालिकाले यो कार्याविधि बनाएको छ।

१. **संक्षीप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम सुरक्षित आवासगृह (सेफ हाउस) पहिलो संशोधन कार्यविधि २०८१ रहेको छ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ।

२. **सुरक्षित आवासगृह (सेफ हाउस) संचालन कार्यविधि २०७५ को दफा ३ मा संशोधनः** सुरक्षित आवासगृह (सेफ हाउस) संचालन कार्यविधि २०७५ (यसपछि मुल कार्यविधि भनिएको) को दफा ३.८ पछी देहायको उपदफा थप गरीएको छ,

३.९ **"वार्डेन"** भन्नाले आवास गृहमा रहि २४ घण्टा पीडितको हेरबिचार गर्ने व्यक्ति सम्झनु पर्छ।

३.१० **"व्यबस्थापक"** भन्नाले आवास गृहमा रहि कार्यालय समयमा प्रशासनिक कार्य,पिडितको पुनस्थापना, कानुनी

उपचारमा सहयोग, औषधी उपचारमा सहयोग साथै अन्य सम्बन्धित कार्य गर्ने व्यक्ति सम्झनु पर्छ।

३. **मुल कार्यविधिको दफा ४ मा संशोधनः** मुल कार्यविधिको दफा ४ को उपदफा ६ र ८ हटाईएको छ।

४. **मुल कार्यविधिको दफा ६ मा संशोधनः** मुल कार्यविधिको दफा ६ को उपदफा (१) "हिंसा पिडीत महिला, किशोरी र बालबालिकाको सुरक्षाका लागि सुरक्षीत आवासगृह संचालन गर्न नगरकार्यपालिकाले एउटा छुट्टै लैगिंक हिंसा न्यूनिकरण कोष खडा गर्न सक्नेछ। उक्त कोषमा विभिन्न दाताहरुबाट प्रासहुने रकम राखिने छ। त्यस कोषमा भएको खर्च प्रतिवेदन व्यवस्थापन समितिले दुरुस्त राख्ने छ।" को सट्टमा (१) "हिंसा पिडीत महिला, किशोरी र बालबालिकाको सुरक्षाका लागि सुरक्षीत आवासगृह संचालन गर्न नगरकार्यपालिकाले एउटा छुट्टै लैगिंक हिंसा न्यूनिकरण कोष खडा गर्न सक्नेछ। उक्त कोषमा विभिन्न दाताहरु वा स्थानिय तहबाट प्रासहुने रकम राखिने छ।त्यस कोषमा भएको खर्च प्रतिवेदन व्यवस्थापन समितिले दुरुस्त राखी नगरकार्यपालिका समक्ष पेश गर्नेछ।" भन्ने वाक्याँश राखिएको।

५. **मुल कार्यविधिको दफा ७ मा संशोधनः** मुल कार्यविधिको दफा ७ (२) मा देहायको उपदफा २ ञ) पछि देहाय थपिएको छः-

(ट) अग्नि नियन्त्रक यन्त्र राख्ने,

६. **मुल कार्यविधिको दफा ७ मा संशोधनः** मुल कार्यविधिको दफा ७ (४) मा उपदफा ४ छ पछि देहाय उपदफा थपिएको छ।

ज. उमालेको वा अन्यथा शुद्धिकरण गरिएको खानेपानि।

झ. हप्तामा १ पटक दहि दुध खुवाउने।

ञ. विरामि सेवा ग्राहिका लागि चिकित्सकले सिफारिस गरे अनुसारको खानाको व्यवस्थापन गरीनेछ।

७. **मुल कार्यविधिको दफा ७ मा संशोधनः** मुल कार्यविधिको दफा ७(९) मा उपदफा (क) को "आवासगृह व्यवस्थापक एक जना पुरुष" सट्टामा आवसगृह व्यवस्थापक एकजना भन्ने वाक्यांश राखिएको छ।

उपदफा घ पछि देहाय थप गरीएको छ।

ङ) सुरक्षाकर्मी

८. **मुल कार्यविधिको दफा ७ मा संशोधनः** मुल कार्यविधिको दफा ७ को उपदफा १० पछी देहायको उपदफा थपिएको छ।

११) लताकपडाको सुविधाः- क) प्रतिव्यक्ति भित्रि बस्त्र समेत १ पटकका लागि

ख) जाडो मौसममा मौसम अनुसारको पोषाक तोकिएको रकमको सिमा भित्र रही उपलब्ध गराईछ।

ग) लामो समय बस्नेहरुका लागि बर्षमा दुई पटक नबढ्ने गरी आवश्यक लताकपडा, जुता चप्पल उपलब्ध गराईनेछ।

१२) दैनिक खाना र खाजाको सुविधाः- क) सुरक्षित आवास गृहमा रहेका पिडित र निजका आश्रीत बालबालिकाले खाना र खाजाको सुबिधा प्राप्त गर्नेछन्।

ख) सुरक्षित आवास गृहमा रही २४ घण्टा सेवामा रहने कर्मचारीहरुलाई पिडीत सरह दैनिक खाजा र खानाको सुविधा उपलब्ध गराईनेछ।

ग) दैनिक खाना र खाजाको सुविधा तोकिए बाराबरको दर नबढ्ने गरी  खरिद तथा तयारी पारी पिडीत र तोकिएको कर्मचारीलाई उपलब्ध गराउने जिम्मेवारी व्यवस्थापकको हुनेछ।

घ) सुत्केरी महिलालाई सुत्केरी भएको ४५ दिन सम्म र उपचारर्थ विरामिलाई उपचार अवधि सम्मका लागि तागतिलो तथा पोशिलो खानेकुरा थप उपलब्ध गराईनेछ।

**आज्ञाले**
**गणेशराज कार्की**
**प्रमुख प्रशासकिय अधिकृत**